# संयुक्त राष्ट्रसङ्घ

## नेपालबारे महासचिवका प्रवक्ताकातर्फबाट जारी वक्तव्य

न्युयोर्क २०६३ कात्तिक २२

---

सात दल गठबन्धन र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच हिजो भएको सम्झौताको महासचिवले हार्दिक स्वागत गर्नुभएको छ। यो सम्झौताले नेपालका जनतालाई आफ्नो देशमा सशस्त्र द्वन्द्वको अन्त्य गर्न, र समावेशी एवं लोकतान्त्रिक राज्यभित्र दिगो शान्ति निर्माण गर्न एक ऐतिहासिक अवसर प्रदान गर्दछ।

शान्ति प्रक्रियाका मुख्य क्षेत्रहरूमा सहयोग गर्न संयुक्त राष्ट्रसङ्घलाई अनुरोध गरिएको छ। आफूले व्यक्त गरेका प्रतिबद्धताहरूलाई पूर्ण रूपले पालना गरेर दुवै पक्षले शान्ति प्रक्रियाको गतिलाई कायम राख्नुपर्दछ भन्नेमा जोड दिंदै सो अनुरोधको शीघ्र जवाफ दिने महासचिवको विचार छ।